प्रमाणिकरण मिति : २०७८ मंसिर……….

# गैह्रसरकारी संघ संस्थाहरुको

# परियोजना स्वीकृती, संचालन, समन्वय र अनुगमन सम्बन्धि निर्देशिका

# २०७८

# नारायण नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## दैलेख

**पृष्ठभुमी :**

राष्ट्रिय तथा गैह्व नाफामुलक सामाजिक संघ संस्थाहरु (सामाजिक संघ संस्थाहरु दर्ता ऐन, २०३४ अनुसार जिल्लामा दर्ता भएका तथा समाज कल्याण परिषदमा आवद्ध भएका सामाजिक संघ संस्थाहरु) यस नारायण नगरपालिकाको विकास सहयोगी तथा साझेदार सस्थाको रुपमा थप सुदृढ एवम् संस्थागत रुपमा स्थापित गर्दै सामाजिक संघ संस्थाहरुलाई समन्वय, प्रोत्साहन, सहजीकरणका साथै नियमित, नियमन प्रकृया स्थापना गरि कार्यक्रमहरुमा दोहोरोपना समेतलाई निरुत्सहान गर्न र नगरको उद्धेश्य, लक्ष्य, नीति र प्रथामिकता बमोजिम गैह्वसरकारी संघ संथाहरुको कार्यक्रमहरु निर्देशित गर्न समन्वय आवश्यक देखिएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २५ मा व्यवस्था भए बमोजिम सोही ऐनको परिच्छेद १५ को दफा १०२ अनुसार यो निर्देशिका तयार गरिएको छ ।

## परिच्छेद १ :

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम : गैह्वसरकारी संघ संस्थाको परियोजना स्वीकृती, संचालन र समन्वय सम्बन्धि निर्देशिका २०७८ रहने छ ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले पारित भएको मिति बाट लागु हुने छ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन लाई सम्झनु प्रर्दछ ।

(ख) “नगरपालिका” भन्नाले नारायण नगरपालिकालाई सम्झनु प्रर्दछ ।

(ग) “गैह्वसरकारी संघ, संस्था” भन्नाले मुनाफाको उद्धेश्य नराखी सामाजिक हित गर्ने हेतुले प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई संचालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रि सामाजिक संघ संस्थालाई सम्झनु प्रर्दछ ।

(घ) “परियोजना” भन्नाले गैह्वसरकारी संघ संस्थाले दाताको सहयोगमा वा आफ्नै श्रोतबाट संचालन गर्ने योजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ) “नगर परियोजना सल्लाहाकार समिती” यस निर्देशिकाको परिच्छेद ३ को दफा ११ अनुसार गठन हुने समिती लाई सम्झनु प्रर्दछ ।

**३. निर्देशिकाको उद्धेश्य :** यस निर्देशिकाको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

(क) गैह्रसरकारी संघ संस्थाहरुलाई परियोजना सम्झौता तयार गर्दा मार्गदर्शन दिने ।

(ख) गैह्रसरकारी संघ संस्थाहरु द्धारा संचालित परियोजना अर्न्तगतका चरणहरुलाई समन्वयात्मक एवंम् नीतिगत तादाम्यता र सहभागीतामुलक मर्यादित, व्यवस्थित, प्रभावकारी, पारदर्शी र जावाफदेही बनाउने ।

(ग) गैह्रसरकारी संघ संस्थाहरुबाट संचालन हुने कार्यक्रमलाई नगरपालिकाको प्राथामिकताको क्षेत्र तर्फ निर्दिष्ट गर्ने ।

(घ) गैह्रसरकारी संघ संस्थाहरुको योगदान र श्रोतलाई लक्षित वर्ग, तह र क्षेत्र सम्म पुर्‍याउने ।

(ङ) गैह्रसरकारी संघ संस्थाहरुको परियोजनालाई अनुगमन तथा मुल्यांकन गरि आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(च) नगरपालिकाको विकासमा सहकार्य गरी गैह्रसरकारी संघ संस्थाहरुलाई विकास साझेदार संस्थाको रुपमा विकास गर्ने ।

(छ) गैह्रसरकारी संघ संस्थाहरु र सरकारी कार्यक्रमहरुमा दोहोरोपना समेतलाई निरुत्साहीत गर्ने ।

## परिच्छेद २ : गैह्रसरकारी संघ संस्थाहरुको परियोजना सम्बन्धी व्यवस्था

**४. परियोजना तर्जुमा प्रकृया :** गैह्रसरकारी संघ संस्थाहरुले परियोजना तयार गर्दा निम्न बमोजिमको प्रकृया अवलम्वन गर्नु पर्दछ ।

(क) नगरपालिकाको मुल्य, मान्यता, दृष्टिकोण, नीति र प्रथामिकताको आधारमा लाभान्वीत वर्ग र विकासका क्षेत्रहरुको परियोजना छनोट गर्नु पर्नेछ ।

(ख) आवश्यक्ता पहिचान प्रतिवेदन तथा आधारभुत सर्वेक्षण गर्दा प्रस्तावित लाभान्वीत वर्ग, स्थानीय सरोकारवाला र नगरपालिकासंग परामर्श छलफल गरि सोको आधारमा परियोजना तर्जुमा गर्नु पर्नेछ ।

(ग) अन्तराष्ट्रिय गैह्रसरकारी संघ संस्थाहरुले परियोजनाको प्रभाव, असर, प्रतिफल, क्रियाकलाप, श्रोत र साधन विच तार्किक संयोजन देखाउनु पर्ने छ ।

**५. परियोजनाको पुर्व स्वीकृत वा सहमती :** गैह्रसरकारी संघ संस्थाहरुलाई परियोजना तयार गर्ने सर्न्दभमा पुर्व स्वीकृती वा सहमती आवश्यक परेमा देहाय बमोजिम गर्नुपर्दछ ।

(क) परियोजनाको प्रस्ताव दाताहरु समक्ष पेश गर्ने बखत पुर्व सहमती आवश्यक भएमा गैह्रसरकारी संघ संस्थाहरुले नगरपालिका समक्ष आवश्यक कागजातहरु सहित निवेदन पेश गर्नुपर्ने छ ।

(ख) नगरपालिकाले उक्त परियोजना उपर्युक्त लागेमा परियोजना संचालनका लागि पुर्व सहमती पत्र दिन सक्ने छ ।

स्पष्टिकरण : त्यस्तो सहमतीको लागि १० लाख बजेट सम्मको परियोजनामा उक्त परियोजनाको औचित्यता हेरी नगर प्रमुखले स्वीकृत गर्न सक्ने छ । १० लाख भन्दा बढि बजेटको परियोजनाको सहमति वा पुर्व सहमती नगर परियोजना सल्लाहाकार समिति (Municipality Project Advisory Committee -MPAC) को बैठकको निर्णय अनुसार हुने छ ।

६. **परियोजनाको कार्यन्वयन :** गैह्रसरकारी संघ संस्थाहरुले परियोजनाको कार्यन्वयनका लागि देहाय बमोजिमको प्रकृया अवलम्वन गर्नु पर्ने छ ।

(क) गैह्रसरकारी संघ संस्थाहरुले परियोजनाको स्वीकृत कार्यक्रम बजेट तथा सम्झौता पत्र सहितको दस्ताबेज नगरपालिका परियोजना सल्लाहकार समिति (MPAC) समक्ष पेश गर्नु पर्ने छ ।

(ख) नगरपालिका परियोजना सल्लाहाकार समिति (Municipality Project Advisory Committee -MPAC) ले परियोजना स्वीकृतका लागि पेश गरिएको योजना/कार्यक्रममा आवश्यक सल्लाह सुझाव सहित परियोजना कार्यन्वनका लागि स्वीकृत दिनेछ ।

तर, पुर्व स्वीकृती नलिएको हकमा आवश्यक सल्लाह सुझाव सहित परियोजना कार्यन्वयनका लागि स्वीकृत दिन वा नदिन पनि सक्नेछ ।

(ग) गैह्रसरकारी संघ संस्थाले स्वीकृत परियोजनाको विस्तृत क्रियाकलापहरु र बजेट अनुसूची १ अनुसारको ढाँचामा नगरपालिकामा पेश गरि नगरपालिकाको बार्षिक तथा आवधिक योजनामा समावेश गर्नु पर्नेछ ।

(घ) गैह्रसरकारी संघ संस्थाले परियोजना कार्यन्वयनको चरणमा नगरपालिका संग समन्वय गर्नु पर्नेछ ।

(ङ) यसअघि नियमअनुसार नगरपालिकामा संचालित परियोजना/कार्यक्रमहरु यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

७. **परियोजना अनुगमन तथा मुल्यांकन** : गैह्रसरकारी संघ संस्थाले परियोजना अनुगमन मुल्यांकन गर्नु पर्दा देहाय बमोजिम प्रकृया अवलम्वन गराउनु पर्नेछ ।

(क) परियोजना कार्यन्वयनको नगरपालिका सहितको संयुक्त अनुगमन गर्नु गराउनु पर्नेछ ।

(ख) परियोजनाको अनुगमन कर्ताले अनुगमनको प्रतिवेदन अनुसूची २ अनुसारको ढाँचामा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) गैह्रसरकारी संघ संस्थाले संचालन गरेको परियोजनाको लक्ष्य र उद्धेश्य बमोजिम कार्यन्वयन सन्तोषजनक नदेखिएमा नगरपालिकाले आवश्यक सुधारका लागि निर्देशन दिनेछ । निर्देशन बमोजिम सुधार नगरेमा परियोजना संचालनमा रोक लगाउन सक्नेछ ।

८. **परियोजनाको प्रतिवेदन :** गैह्रसरकारी संघ संस्थाले परियोजनाको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(क) गैह्रसरकारी संघ संस्थाले परियोजनाको विक्तिय तथा भौतिक प्रगति प्रतिवेदन अनुसूची ३ अनुसारको ढाँचामा अर्धबार्षिक र बार्षिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ख) गैह्रसरकारी संघ संस्थाले प्रतिवेदन देहायको मितिमा नगरपालिका समेक्ष पेश गर्नु पर्नेछ ।

अर्धबार्षिक प्रतिवेदन : मंसिर १५ गते भित्र

बार्षिक प्रतिवेदन : आर्थिक वर्ष समाप्तीको १ महिना अगावै नगरपालिकामा पेश गर्नुपर्नेछ ।

यसका अलवा नगरपालिकाले मागेको बखत जुनसुकै बेलामा वित्तिय तथा भौतिक प्रतिवेदन दिनु पर्दछ ।

९.**गैह्रसरकारी संघ संस्थाको योग्यता :** परियोजना संचालनको लागि गैह्रसरकारी संघ संस्थाहरुको न्युनतम् योग्यता देहाय बमोजिम हुनुपर्नेछ ।

(क) मुनाफा नकमाउने गैह्र राजनीतिक, गैह्र सम्प्रदायक, सामाजिक संस्थाको रुपमा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था ।

(ख) प्रत्येक वर्ष नियमित नविकरण भएको ।

(ग) सम्बन्धित निकायमा आवद्ध भई नियमित प्रगति प्रतिवेदन बुझाएको ।

(घ) प्रत्येक वर्ष नियमित रुपमा लेखा परिक्षण गराई प्रतिवेदन सम्बन्धित निकायमा नियमित रुपमा पेश गरेको ।

(ङ) स्थायी लेखा नम्बर प्राप्त गरेको ।

(च) अन्य प्रचलित कानुनको परिपालन गरेको ।

## परिच्छेद ३ : नगर परियोजना सल्लाहकार समिति

## (Municipality Project Advisory Committee -MPAC)

१०. **नगर परियोजना सल्लाहकार समिति (Municipality Project Advisory Committee -MPAC) :** गैह्रसरकारी संघ संस्थाहरुको परियोजना स्वीकृत, अनुगमन, मुल्यांकन र समन्वयको लागि नगर स्तरिय एक नगर परियोजना सल्लाहकार समिति रहने छ ।

११. **समितिको गठन :** समिती देहाय बमोजिम हुनेछ ।

संयोजक : नगर उपप्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : सामाजिक विकास समिति, संयोजक

सदस्य : सम्बन्धित वडाको वडा अध्यक्ष

सदस्य : जिल्ला समन्वय समितिको प्रतिनिधि

सदस्य सचिव : सामाजिक विकास शाखा प्रमुख

नोट : समितिको बैठकमा परियोजना संग सम्बन्धित नगरपालिकाका विषयगत शाखा प्रमुखलाई र सम्बन्धित गैह्रसरकारी संघ संस्थाका प्रतिनिधि, पत्रकार एवं परियोजना कर्मचारिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

१२. **समितीको काम कर्तव्य र अधिकार :**

(क) गैह्रसरकारी संघ संस्थाहरुको परियोजना तर्जुमा प्रकृयामा आवश्यक सल्लाह, सुझाव, एवंम् परामर्श दिने ।,

(ख) गैह्रसरकारी संघ संस्थाको परियोजना र आयोजनाको पुर्व सहमति वा कार्यन्वयनका लागि स्वीकृत दिने ।,

(ग) पुर्व स्वीकृत वा सहमती दिनको लागि कार्यक्रमको मापदण्ड तयार गर्ने ।

(घ) गैह्रसरकारी संघ संस्थाहरुको क्षमता विकास, आर्थिक तथा प्राविधिक सहायता उपलव्ध गराउने सम्बन्धमा परामर्श दिने ।

(ङ) गैह्रसरकारी संघ संस्थाहरुको परियोजनाको अनुगमन, मुल्यांकन र जवाफदेहीता सूचक निर्धारण गर्ने ।

(च) उप प्रमुखले गैह्रसरकारी संघ संस्थाहरुको क्रियाकलापमा समन्वय गर्ने ।

समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्बन्धित परियोजनाको परियोजना प्रमुख एवम् प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

नगर परियोजना सल्लाहकार समिति (Municipality Project Advisory Committee -MPAC) को बैठक दुई महिनाको एक पटक बस्ने छ । आवश्यक्ता अनुसार बढि पटक पनि बस्न सक्नेछ ।

## परिच्छेद ४ :

## विविध

**१३. सम्पर्क शाखा :** गैह्रसरकारी संघ संस्थाको सम्पर्कको लागि नगर कार्यपालिका कार्यालयको सामाजिक विकास शाखा, सम्पर्क शाखको रुपमा रहने छ । साथै सामाजिक विकास शाखा मातहतमा गैह्रसरकारी संस्थाको हेल्प डेस्कको व्यवस्था हुनेछ । साथै हेल्पडेस्कको व्यवस्थापन तोकिय बमोजिम हुनेछ ।

**१४. कानुनको पालना :** गैह्रसरकारी संघ संस्थाले अन्य प्रचलित नियम कानुनको पालना गर्नु पर्नेछ ।

**१५. निर्देशिकाको पालना :** गैह्रसरकारी संघ संस्थाले परियोजना तर्जुमा एवंम् कार्यन्वयन गर्दा, यस निर्देशिकाको पालना गर्नु पर्नेछ ।

**१६. कार्यन्वयनमा रोक :** कुनै गैह्रसरकारी संघ संस्थाले यस निर्देशिका विपरित काम कार्वाही गरेको पाइएमा नगरपालिकाले त्यस्तो कामकार्वाहीमा रोक लगाउन सक्नेछ ।

**१७. अमान्य हुने :** यो निर्देशिका स्थानीय सरकार संचालन ऐन, २०७४ संग बाझिएमा, बाझिएको हद सम्म स्वतहः अमान्य हुनेछ ।

**१८. निर्देशिका हेरफेर वा संसोधन :** निर्देशिकामा आवश्यक संशोधन र हेरफेर गर्नु परेमा नगर उपप्रमुखले त्यस्तो संशोधन गरी नगरकार्यपालिका बाट अनुमोदन गराउनु पर्दछ ।

१९. परियोजना सल्लाहकार समितिको निर्णय नगर कार्यपालिकाबाट पास गर्नुपर्नेछ ।

## अनुसूची १ : परियोजनाको विस्तृत क्रियाकलाप र बजेट ढाँचा

| | |
|---|---|
| गैह्रसरकारी संघ संस्थाको संक्षिप्त परिचय : | |
| परियोजनको पृष्ठभुमी : | |
| परियोजनाको लक्ष्य र उद्धेश्य : | १.<br>२.<br>३. |
| परियोजना अर्न्तगतका कार्यक्रमहरु : | १.<br>२.<br>३.<br>४. |
| लक्षित वर्ग तथा समुह | |
| कार्यक्रम संचालन हुने स्थान र समय अवधि | |
| कार्यक्रम संचालन प्रकृया र कार्यविधि | |
| कार्यक्रमको कार्ययोजना | |
| जम्मा बजेट | |
| कार्यक्रमको अनुगमन मुल्यांकन सूचक | |

अनुसूची २ : अनुगमन प्रतिवेदन ढाँचा

| | |
|---|---|
| पृष्ठभुमी | |
| अनुगमनको विषयहरु | |
| उद्धेश्यहरु | |
| अनुगमनका सहभागीहरु | |
| अनुगमन गरिएको गैह्रसरकारी संस्था, स्थान र परियोजना | |
| परियोजनाको सवाल र सुधार पक्षहरु | |

| | |
|---|---|
| मुख्य सिकाईहरु | |
| ८. निस्कर्ष र सुझावहरु : | |

प्रतिवेदक

अनुसूची ३ : प्रगति प्रतिवेदन ढाँचा :

<table>
<tr><td colspan="3">पृष्ठभुमी :</td><td colspan="4"></td></tr>
<tr><td colspan="3">कार्यक्रमको लक्ष्य तथा उद्धेश्य :</td><td colspan="4"></td></tr>
<tr><td colspan="3">कार्यक्रमको लक्षित समुह :</td><td colspan="4"></td></tr>
<tr><td colspan="3">कार्यक्रम तथा परियोजना संचालन प्रकृया र कार्यविधि</td><td colspan="4"></td></tr>
<tr><td colspan="7">वित्तिय तथा भौतिक प्रगतिको संक्षिप्त विवरण :</td></tr>
<tr><td>क्र.स.</td><td>कार्यक्रम</td><td>क्रियाकलापहरु</td><td>इकाइ</td><td>लक्ष्य</td><td>भौतिक प्रगति</td><td>वित्तिय प्रगति</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**कार्यक्रमको मुख्य उपलब्धिहरु :**

**कार्यक्रमको प्रभाव मुल्यांकन :**

**प्रतिवेदक संस्था :**